आज २०७७ साल पुश १० गते शुक्रवारका दिन कोहलपुर नगरपालिका, वार्ड नं. ११ स्थित म्याक्स होटेलको सभा कक्षमा युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको अध्यक्ष श्री काली प्रसाद चौधरीज्यूको अध्यक्षतामा सम्पन्न दोश्रो वार्षिक साधारणसभाको उपस्थिति संलग्न हाजिरी तालिका अनुसार रहेको छ ।

प्रस्ताव नं. १ : सभाको वैधानिकता

द.व.स.स. २/निर्णय नं. १/२०७७

युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको दोश्रो वार्षिक साधारणसभाकोलागि स्थान, मिति र कार्यसूची सहितको सूचना कम्तीमा २१ दिन पहिले राष्ट्रिय नयाँ पत्रिकामा २०७७ साल मंसिर १७ गते, यसैगरी दोश्रो सूचना पुस महिना ४ गते प्रकाशन भएको, इमेलबाट सबै शेयरधनीहरुलाई आवश्यक सामग्री सहित सूचना पठाएको, फोनबाट पटक पटक सूचना गरेको र लिखित पत्र बुझाई सूचना र आमन्त्रण गरिएको साथै वित्तीय संस्थाको वेभसाइटमा पनि राखिएको हो ।

कम्पनी ऐन, २०६३ को दफा ७३ र यस वित्तीय संस्थाको नियमावली, २०७५ को नियम नं. २३ अनुसार यस वित्तीय संस्थाको बाँडफाँड भएको शेयर संख्या ६३०,००० को पचास प्रतिशत भन्दा बढी प्रतिनिधित्व हुनु पर्ने र कुल शेयरधनीहरुमध्ये कम्तिमा तीनजना शेयरधनीहरु स्वयम् उपस्थित हुनु पर्ने प्रावधान अनुरुप ५७२,००० शेयर संख्या (९०.७९ प्रतिशत) को प्रतिनिधित्व रहेको साथै शेयरधनी स्वयम् र प्रतिनिधि ४६ जना उपस्थित रहेकोले दोश्रो वार्षिक साधारणसभा सञ्चालन गर्न वैधानिकता प्राप्त भएको निर्णय गरियो ।

प्रस्ताव नं. २ : स्वागत तथा सञ्चालक समितिको प्रतिवेदन

द.व.स.स.२/निर्णय नं. २/२०७७

यस वित्तीय संस्थाका अध्यक्ष श्री काली प्रसाद चौधरीले सञ्चालक समितिको तर्फबाट दोश्रो वार्षिक साधारणसभाका सदस्यहरुलाई स्वागत गर्नुकोसाथै सञ्चालक समितिको प्रतिवेदन प्रस्तुत गर्नु भयो । र यथोचित छलफल पछि यो प्रतिवेदन सर्वसम्मतिले पारित गरियो ।

प्रस्ताव नं. ३ : लेखा परीक्षण भई सकेको वार्षिक आर्थिक विवरण र लेखा परीक्षकको प्रतिवेदन

द.व.स.स.२/निर्णय नं. ३/२०७७

आर्थिक वर्ष २०७६/०७७ को वार्षिक प्रतिवेदनमा संलग्न अनुसारको लेखा परीक्षण प्रतिवेदन प्रस्तुत गरियो, र यथोचित छलफल पछि अनुमोदन गरियो ।

UNYC NEPAL
Nayagaun, Bardiya
1995

Unique Nepal Laghubitta Bittiya Sanstha Ltd.

प्रस्ताव नं. ४ : लेखा परीक्षण समितिको सिफारिसमा आ.व. २०७७/०७८ कोलागि लेखा परीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण

द.व.स.स.२/निर्णय नं. ४/२०७७

लेखा परीक्षण समितिको सिफारिस अनुसार आर्थिक वर्ष २०७७/०७८ कोलागि लेखा परीक्षण र कर परीक्षण दुवै गर्न बीबीआरबी एण्ड एसोसियट्स चार्टर्ड एकाउन्टेन्ट्सलाई निम्न शर्तहरु अनुसार नियुक्ति गर्ने निर्णय गरियो ।

(क) लेखा परीक्षण र कर परीक्षण गरे वापत कर बाहेक रु. १३०,०००।००

(ख) शाखामा लेखा परीक्षण गर्न जाँदा दैनिक खर्च रु. ५००। प्रति व्यक्ति

(ग) यातायात खर्च वास्तविक बिल अनुसार

(घ) शाखाको लेखा परीक्षण गर्न जाँदा लजिङ र फुडिङ खर्च बढीमा रु. २,५००। बिल अनुसार दैनिक प्रति व्यक्ति

प्रस्ताव नं. ५ : सञ्चालक समितिको सेवा सुविधा सम्बन्धमा

द.व.स.स.२/निर्णय नं. ५/२०७७

नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त र कम्पनी रजिष्ट्रारको कार्यालयमा अद्यावधिक भएको यस वित्तीय संस्थाको प्रबन्ध-पत्र र नियमावलीमा उल्लेख भए अनुसारको सञ्चालकहरुको सेवा सुविधाको व्यवस्थालाई अनुमोदन गरियो ।

प्रस्ताव नं. ६ : सर्वसाधारणकोलागि शेयर निस्काशन

यस वित्तीय संस्थाले प्रबन्धपत्रमा व्यवस्था भए अनुसार चालू आर्थिक वर्षमा सर्वसाधारणकोलागि शेयर जारी गर्ने निर्णय गरियो ।

**विशेष प्रस्तावहरु**

विशेष प्रस्ताव नं. ७ : वित्तीय संस्थाको जारी पूँजी बृद्धि गर्ने बारे ।

द.व.स.स.२/निर्णय नं. ७ /२०७७

यस वित्तीय संस्थाको प्रबन्ध-पत्र, २०७५ को दफा ६ "वित्तीय संस्थाको पुँजीको संरचना" को व्यवस्था सम्बन्धमा विशेष प्रस्ताव नं. ७ उपर छलफल गर्दा सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम वित्तीय संस्थाको जारी पूँजी रु.९,००,००,०००/- (अक्षरेपि नौं करोड मात्र रुपैंयाँ) बाट वृद्धि गरी रु.९,३३,५०,०००/- (अक्षरेपि नौ करोड तेतीस लाख पचास हजार रुपैयाँ मात्र) पुऱ्याउने सर्वसम्मतिबाट निर्णय गरियो ।

UNYC NEPAL Nayagaun, Bardiya 1995

Unique Nepal Laghubitta Bittiya Sanstha Ltd.

विशेष प्रस्ताव नं. ८ : वित्तीय संस्थाको प्रबन्ध-पत्रको दफा ६ (ख) (घ) (ङ) (च) (छ) र ८ (ङ) संशोधन गर्ने बारे ।

द.व.स.स.२/निर्णय नं. ८/२०७७

यस वित्तीय संस्थाको प्रबन्ध-पत्र, २०७५ को दफा ६ "वित्तीय संस्थाको पुँजीको संरचना" को दफा ६ (ख) (घ) (ङ) (च) (छ) र ८ (ङ) मा तपसिल अनुसार संशोधन गर्ने निर्णय सर्वसम्मतिबाट गरियो ।

६(ख) वित्तीय संस्थाको तत्काल जारी गर्ने शेयर पुँजी रु.९,३३,५०,०००/– (अक्षरेपि रु. नौ करोड तेतीस लाख पचास हजार रुपैयाँ मात्र) हुनेछ । सो पुँजीलाई प्रति शेयर रु.१००/– का दरका ९,३३,५०० (नौ लाख तेतीस हजार पाँच सय) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

६(घ) वित्तीय संस्थाले जारी पुँजीको ३२.५० प्रतिशत साधारण शेयर सर्वसाधारणलाई बिक्रीको लागि छुट्टयाएको छ ।

६(ङ) संस्थापक शेयरधनीहरुको शेयर स्वामित्व ६७.५० प्रतिशत हुनेछ ।

६(च) सर्वसाधारणमा बिक्री गरिने शेयर खरिद गर्ने शेयरधनीलाई समूह "ख" मा वर्गीकरण गरिएको छ । यो समूहको शेयर स्वामित्व ३२.५ प्रतिशत हुनेछ ।

६(छ) वित्तीय संस्थाले सर्वसाधारणमा शेयर जारी गर्दा जारी पुँजीको ०.५ प्रतिशत शेयर कर्मचारीहरुका लागि छुट्टयाउन सक्नेछ ।

८(ङ) सर्वसाधारणले शेयर खरिद गर्दा १० अङ्कले भाग गर्दा शेष नरहने गरी न्यूनतम १० कित्ता शेयर वा अधिकतममा विवरण-पत्रमा तोकिए बमोजिम शेयर खरिद गर्नका लागि निवेदन गर्न सक्नेछ ।

तर, हकप्रद शेयर र बोनस शेयरको हकमा यो बन्देज लागू हुने छैन ।

विशेष प्रस्ताव नं. ९ : वित्तीय संस्थाको नियमावलीको नियम २८ संशोधन गर्ने बारे ।

द.व.स.स.२/निर्णय नं. ९/२०७७

यस विशेष प्रस्ताव उपर छलफल गर्दा सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम यस वित्तीय संस्थाको नियमावलीको नियम २८ मा देहाय बमोजिम संशोधन गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

"वित्तीय संस्थाको सञ्चालकको पदमा नियुक्त हुनका लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा १०० (एक सय) कित्ता शेयर लिएको हुनु पर्नेछ । तर, स्वतन्त्र सञ्चालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा यो व्यवस्था लागू हुने छैन ।

विशेष प्रस्ताव नं. १० : प्रबन्ध-पत्र तथा नियमाावलीमा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय लगायतका नियमनकारी निकायबाट स्वीकृत गराउने क्रममा थपघट गर्न, सच्याउन वा फेरबदल गर्नुपर्ने भएमा सो कार्यका लागि सञ्चालक समितिलाई अख्तियारी ।

UNYC NEPAL Nayagaun, Bardiya 1995

Unique Nepal Laghubitta Bittiya Sanstha Ltd.

द.व.स.स.२/निर्णय नं. १०/२०७७

यस विशेष प्रस्ताव उपर यथोचित छलफल गर्दा सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम वित्तीय संस्थाको प्रवन्ध-पत्र तथा नियमावलीमा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय लगायतका नियमनकारी निकायबाट स्वीकृत गराउने क्रममा थपघट गर्न, सच्याउन वा फेरबदल गर्नुपर्ने भएमा सो कार्यका लागि सञ्चालक समितिलाई अख्तियारी दिने सर्वसम्मतिबाट निर्णय गरियो ।

विशेष प्रस्ताव नं. ११ : कल इन एडभान्सलाई हकप्रद शेयरमा रुपान्तरण

द.व.स.स.२/निर्णय नं. ११/२०७७

यस वित्तीय संस्थामा क्यापिटल एडीक्विसीको समस्या परेकोले नेपाल राष्ट्र बैंककै सहमति अनुसार सञ्चालक समितिको निर्णय र अनुरोध अनुसार संस्थापक शेयरधनीहरुले "कल इन एडभान्स" शीर्षकमा जम्मा गरेको रकम नेपाल राष्ट्र बैंकबाट स्वीकृति लिई र कम्पनी रजिष्ट्रारको कार्यालयमा अद्यावधिक गराएर हदप्रद शेयर (Right Share) मा रुपान्तरण गर्ने निर्णय सर्वसम्मतिबाट गरियो ।

विशेष प्रस्ताव नं. १२ : प्राप्ति वा मर्जर सम्बन्धी अख्तियारी

द.व.स.स.१/निर्णय नं. १२/२०७७

यस वित्तीय संस्था र घोडीघोडा लघुवित्त वित्तीय संस्था बीच "बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने, गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी विनियमावली, २०७३" अनुसार प्राप्ति वा मर्जर गर्नकोलागि सोही विनियमावलीको नं. ५ अनुसार यस वित्तीय संस्थाको सञ्चालक समिति र मर्जर समितिलाई प्रारम्भिक सहमति गर्ने र आवश्यक प्रक्रिया अगाडि बढाउन अख्यिारी प्रदान गर्ने निर्णय सर्वसम्मतिबाट गरियो ।

विशेष प्रस्ताव नं. १३ : सञ्चालक समितिका सदस्यहरु अनुमोदन ।

प.व.स.स.१/निर्णय नं. १३/२०७७

साधारण सभाले यस वित्तीय संस्थाको सञ्चालक समितिको सदस्यमा चयन गरेकालाई अनुमोदन गर्ने निर्णय सर्वसम्मतिले गरियो ।

श्री काली प्रसाद चौधरी, अध्यक्ष

श्री सन्तराम धरकटुवा थारु, सदस्य

श्री सपना श्रेष्ठ, सदस्य

श्री शिव बहादुर चौधरी, सदस्य, र

श्री कन्हैयालाल चौधरी, सदस्य

UNYC NEPAL Nayagaun, Bardiya 1995

Nepal Laghubitta Bittiya Sanstha Ltd. Unique

प्रस्ताव नं. १४ : माइनुटमा  दस्तखत गर्ने अख्तियारी

प.व.स.स.१/निर्णय नं. १४/२०७६

यस वित्तीय संस्थाको दोश्रो वार्षिक साधारणसभाको माइनुटमा हस्ताक्षर गरी प्रमाणित गर्ने अख्तियारी अध्यक्ष श्री काली प्रसाद चौधरी र शेयरधनीहरुको प्रतिनिधित्व गर्दै शेयरधनी युनिक नेपालका प्रतिनिधि श्री प्रिम बहादुर थारु लाई दिने निर्णय सर्वसम्मतिबाट गरियो ।

यस बैठकको माथि उल्लेखित निर्णयको सत्य अभिलेख हो ।

| | |
|---|---|
| श्री प्रिम बहादुर थारु | श्री काली प्रसाद चौधरी |
| युनिक नेपालको प्रतिनिधि | अध्यक्ष |
| UNYC NEPAL, Nayagaun, Bardiya, 1995 | Unique Nepal Laghubitta Bittiya Sanstha Ltd. |

## द.व.स.स.२/निर्णय नं. ७ र ८/२०७७ सित सम्बन्धित

## प्रबन्ध-पत्र संशोधनको तीन महले विवरण

यस वित्तीय संस्थाको प्रबन्ध-पत्र २०७५, को दफा ६ "वित्तीय संस्थाको पुँजीको संरचना" को (ख) (घ) (ङ) (च) (छ) र ८ (ङ) मा तपसिल अनुसार संशोधन गर्ने निर्णय सर्वसम्मतिबाट गरियो ।

| दफा | प्रबन्ध-पत्रमा भएको व्यवस्था | दोश्रो वार्षिक साधारण सभाबाट पारित संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| ६(ख) | वित्तीय संस्थाको तत्काल जारी गर्ने शेयर पुँजी रु.९,००,००,०००/– ( अक्षरेपि नौ करोड मात्र) हुनेछ । सो पुँजीलाई प्रति शेयर रु.१००/– का दरका ९,००,००० (नौ लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ । | वित्तीय संस्थाको तत्काल जारी गर्ने शेयर पुँजी रु.९,३३,५०,०००/– ( अक्षरेपि नौ करोड तेतीस लाख पचास हजार रुपैयाँ मात्र) हुनेछ । सो पुँजीलाई प्रति शेयर रु.१००/– का दरका ९,३३,५०० (नौ लाख तेतीस हजार पाँच सय) थान साधारण शेयरमा विभाजन गरिएको छ । | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ९ मा भएको व्यवस्था बमोजिम सर्वसाधारणमा शेयर निष्काशन गर्न जारी पूँजी बृद्धि गर्नुपर्ने भएकोले । |
| ६(घ) | वित्तीय संस्थाले जारी पूँजीको ३० प्रतिशत साधारण शेयर सर्वसाधारण लाई बिक्रीको लागि छुट्टयाएको छ । | वित्तीय संस्थाले जारी पूँजीको ३२.५० प्रतिशत साधारण शेयर सर्वसाधारणलाई बिक्रीको लागि छुट्टयाएको छ । | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ९ मा भएको व्यवस्था बमोजिम सर्वसाधारणमा शेयर निष्काशन गर्नु पर्ने भएकोले । |
| ६(ङ) | संस्थापक शेयरधनीहरुको शेयर स्वामित्व ७० (सत्तरी) प्रतिशत हुनेछ । | संस्थापक शेयरधनीहरुको शेयर स्वामित्व ६७.५० प्रतिशत हुनेछ । | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ९ मा भएको व्यवस्था बमोजिम सर्वसाधारणमा शेयर निष्काशन गर्नु पर्ने भएकोले । |
| ६(च) | सर्वसाधारणमा बिक्री गरिने शेयर खरिद गर्ने शेयरधनीलाई समूह "ख" मा वर्गिकरण गरिएको छ । यो समूहको शेयर स्वामित्व ३० (तीस) प्रतिशत हुनेछ । | सर्वसाधारणमा बिक्री गरिने शेयर खरिद गर्ने शेयरधनीलाई समूह "ख" मा वर्गीकरण गरिएको छ । यो समूहको शेयर स्वामित्व ३२.५ प्रतिशत हुनेछ । | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ९ मा भएको व्यवस्था बमोजिम सर्वसाधारणमा शेयर निष्काशन गर्नु पर्ने भएकोले । |

UNYC NEPAL Nayagaun Bardiya 1995

Unique Nepal Laghubitta Bittiya Sanstha Ltd

| | | | |
|---|---|---|---|
| ६(छ) | वित्तीय संस्थाले सर्वसाधारणमा बिक्री वितरणका लागि खण्ड (घ) मा छुट्टयाइएको हक बाहेकको ०.५ प्रतिशत शेयर कर्मचारीहरुका लागि छुट्टयाउन सक्नेछ । | वित्तीय संस्थाले सर्वसाधारणमा शेयर जारी गर्दा जारी पूँजीको ०.५ प्रतिशत शेयर कर्मचारीहरुका लागि छुट्टयाउन सक्नेछ । | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ९ मा भएको व्यवस्था बमोजिम सर्वसाधारणमा शेयर निष्काशन गर्नु पर्ने भएकोले । |
| ८(ङ) | सर्वसाधारणले शेयर खरिद गर्दा १० अंकले भाग गर्दा शेष नरहने गरी न्यूनतम ५० कित्ता शेयर वा अधिकतममा विवरणपत्रमा तोकिए बमोजिम शेयर खरिद गर्नका लागि निवेदन गर्न सक्नेछ ।<br>तर हकप्रद शेयर र बोनस शेयरको हकमा यो बन्देज लागु हुने छैन । | सर्वसाधारणले शेयर खरिद गर्दा १० अंकले भाग गर्दा शेष नरहने गरी न्यूनतम १० कित्ता शेयर वा अधिकतममा विवरण-पत्रमा तोकिए बमोजिम शेयर खरिद गर्नका लागि निवेदन गर्न सक्नेछ ।<br>तर, हकप्रद शेयर र बोनस शेयरको हकमा यो बन्देज लागु हुने छैन । | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ९ मा भएको व्यवस्था बमोजिम सर्वसाधारणमा शेयर निष्काशन गर्नु पर्ने भएकोले । |

UNYC NEPAL Nayagaun, Bardiya 1995

Unique Nepal Laghubitta Bittiya Sanstha Ltd.

द.व.स.स.२/निर्णय नं. ९/२०७७ सित सम्बन्धित

**नियमावली संशोधनको तीन महले विवरण**

विशेष प्रस्ताव (ग) : यस वित्तीय संस्थाको नियमावली, २०७५ को नियम २८ मा देहाय बमोजिम संशोधन गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

तीन महले व्यवस्था ।

| नियम | नियमावलीमा भएको व्यवस्था | दोश्रो वार्षिक साधारण सभाबाट पारित संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| २८ | यस वित्तीय संस्थाको सञ्चालकको पदमा नियुक्त हुनका लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा १,००० (एक हजार) कित्ता शेयर लिएको हुनु पर्नेछ । तर स्वतन्त्र सञ्चालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा यो व्यवस्था लागु हुने छैन । | यस वित्तीय संस्थाको सञ्चालकको पदमा नियुक्त हुनका लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा १०० (एक सय) कित्ता शेयर लिएको हुनु पर्नेछ । तर, स्वतन्त्र सञ्चालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा यो व्यवस्था लागू हुने छैन । | कम्पनी ऐन, २०६३ को दफा ८८ मा भएको व्यवस्था बमोजिम मिलाउनु पर्ने भएकोले । |

UNYC NEPAL
1995
Nayagaun, Bardiya

Unique Nepal Laghubitta Bittiya Sanstha Ltd.